नेपाल सरकार

## संघीय मामिला तथा तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला शाखा)

सिंहदरबार, काठमाण्डौ ।

नेपाल सरकार
संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सं.२०७७/७८
च.नं. १६६

मिति:२०७८/०२/१३

श्री स्थानीय तहहरु, सवै ।

बिषय:- गणतन्त्र दिवस मनाउने सम्वन्धमा ।

सदाझैं गणतन्त्र दिवस, २०७८ यही जेठ १४, १५ र १६ गते तीन दिनसम्म भव्यतासाथ मनाउने सम्वन्धी व्यहोराको गणतन्त्र दिवस, २०७८ मूल समारोह समितिको सचिवालय, गृह मन्त्रालयवाट च.न. ७८२ मिति २०७८/०२/११ गते लेखिएको प्राप्त पत्र यसै साथ सम्लग्न छ । उक्त पत्रको व्यहोरा अवगत गर्नु भई सोहि वमोजिम आवश्यक कार्यार्थ निर्देशानुसार अनुरोध छ ।

महेश कुमार दाहाल
शाखा अधिकृत

<u>वोधार्थ</u>

श्री गृह मन्त्रालय,
गणतन्त्र दिवस, २०७८- मूल समारोह समितिको सचिवालय,
सिंहदरवार ।

नेपाल सरकार

# गृह मन्त्रालय

(मूल समारोह समितिको सचिवालय)

अत्यन्त जरुरी

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- गणतन्त्र दिवस-२०७८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ८८२

मितिः २०७८।०२।११

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(सङ्घीय मामिला महाशाखा)
सिंहदरबार, काठमाडौं।

विषयः **गणतन्त्र दिवस मनाउने सम्बन्धमा।**

सदाझैं गणतन्त्र दिवस, २०७८ यही जेठ १४, १५ र १६ गते तीन दिनसम्म भव्यतासाथ मनाउने सन्दर्भमा गणतन्त्र दिवस, २०७८ मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा मिति २०७८।०२।१० गते सोमबार प्रधानमन्त्री निवास, बालुवाटारमा बसेको बैठकबाट पारित कार्यक्रम मुताविक निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई तपशिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने सम्बन्धमा सबै स्थानीय तहहरुमा आवश्यक निर्देशनका लागि निर्णयानुसार सादर अनुरोध छ।

**तपशिल**

१. स्थानीय पालिकास्थित सबै सरकारी तथा सार्वजनिक कार्यालयहरुले राष्ट्रिय झण्डा एवं दिवस केन्द्रित ब्यानर सजाई कार्यालय र परिसर सरसफाई गर्ने,
२. पालिकावासी आमनागरिकहरु समेतलाई आ-आफ्ना घर, टोल एवं सार्वजनिक स्थलहरुको सरसफाई गर्न अनुरोध गर्ने,
३. स्थानीय पालिकाभित्र रहेका सरकारी कार्यालय एवं मण्डला, दरबार स्क्वायर जस्ता सार्वजनिक स्थलहरुमा साँझ दीप प्रज्ज्वलन तथा दीपावली गर्ने र पालिकावासी आमनागरिकहरु समेतलाई घर-घरमा दीपावली गर्न अनुरोध गर्ने,
४. पालिकाभित्र सञ्चालित स्थानीय छापा तथा विद्युतीय सञ्चार माध्यमहरुबाट गणतन्त्रको महत्व सम्बन्धी रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरु प्रकाशन/प्रसारण गर्ने व्यवस्था मिलाउने,
५. दिवस केन्द्रित रही अन्य सान्दर्भिक तथा उपयुक्त कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्ने।

(हुमकला पाण्डे)
सहसचिव